राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक २१४ | २०८३ बैशाख ५ गते शनिवार | (Saturday, 18 April, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

**मधेश प्रदेशमा बेथितीको नमुना**

## त्रुटिले भरिएको स्थानीय सेवा ऐन, पुनर्लेखनको तयारी

**शैलेन्द्र महतो**

*जनकपुरधाम, वैशाख ४ गते ।*

एक वर्षअघि मात्र मधेश प्रदेश सभाबाट बनेको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१ पुनर्लेखन गर्न लागिएको छ । ऐनमा धेरै त्रुटि भेटिएपछि पुनर्लेखन गर्न सरकार अघि बढेको हो ।

ऐनमा त्रुटि नै त्रुटि भेटिएपछि सरकार र मधेश प्रदेशसभाको कार्यक्षमतामाथि समेत प्रश्न उठेको छ। ऐन कार्यान्वयनमा आएपछि विभिन्न कठिनाइ तथा झमेला उत्पन्न भएको थियो ।

अन्तर प्रदेश सरुवा-बढुवाको विषयमा कर्मचारीहरू एक वर्षअघि आन्दोलित भएका थिए । तत्कालीन सतिशकुमार सिंह सरकारले समस्या समाधान गर्ने भनेर थामथुम पारेको थियो । केही समयअघि मात्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को




कार्यालयले सो ऐनमा रहेको अन्तर प्रदेश सरुवा, स्वास्थ्य कर्मचारीको बढुवालगायत तीन वटा त्रुटि पत्ता लगाएर ड्राफ्ट तयार गरी संशोधनमा लैजान मुख्यन्यायाधिवक्ता कार्यालयमा पठाएको थियो । तर अध्ययनका क्रममा अन्य व्यवस्थाहरूमा पनि व्यापक त्रुटि देखिएकोले पुनर्लेखनको ड्राफ्ट तयार गरिएको मुख्यन्यायाधिवक्ता डा. सुनिलरञ्जन सिंहले बताए । 'अन्तर प्रदेश सरुवा, स्वास्थ्यका कर्मचारी बढुवा लगायतका तीन वटा दफाको त्रुटि औंल्याएर संशोधनको ड्राफ्ट तयार गर्न मुख्यमन्त्री कार्यालयबाट पत्र आएको थियो,' उनले भने, 'तर अध्ययन गर्दै जाँदा धेरै त्रुटिहरू देखियो । सामाजिक परिचालिकाको मुख्य कुरा नै थिएन । कानुन पटकपटक संशोधन हुँदैन । त्यस कारण पुनर्लेखन गर्नुपर्ने सुझावसहितको ड्राफ्ट मुख्यमन्त्री कार्यालयमा पठाएका छौं ।' मुख्यमन्त्री कार्यालयका प्रवक्ता रोहित कोइरालाले स्थानीय सेवा ऐन २०८१ पुनर्लेखन गर्ने गरी तयारी भइरहेको बताए । अब ड्राफ्ट क्याबिनेटबाट छलफल गरेर सदनमा लगिने उनको भनाइ छ । एक वर्षको अवधिमै ऐन पुनर्लेखन गर्न लागिनु आफैंमा गम्भीर विषय हो । यसले सरकार र सदनको कार्यक्षमतामाथि प्रश्न उठेको छ ।

कानुन क्षेत्रका जानकार तथा अधिवक्ता रक्षा राम पर्याप्त अध्ययन, अनुसन्धान बिना नै मस्यौदा तयार, त्यसमाथि सरकार र सदनमा प्रयाप्त छलफल नभई बनेकोले पुनर्लेखनको अवस्था आएको हुन सक्ने बताउँछन् ।

'विभिन्न कोणबाट विश्लेषण गरी ऐनको प्रारम्भिक मस्यौदा बनाइनुपर्ने हो । त्यसपछि सरोकारवाला समूहसँग छलफल र संवाद, सरकार र सदनमा पर्याप्त छलफल बहस गरेर गरेर ऐनलाई मूर्त रूप दिइयो भने कानुन परिपक्व हुन्छ,' उनी भन्छन् ।

उनका बुझाइमा सारभूत विषयहरूमा सरकारले विधेयक पारित गर्दा सदनमा पर्याप्त छलफल गरेर अघि बढेको भए यस्ता कमजोरी देखिने थिएनन् ।

'पुनर्लेखन वा संशोधन गर्नुको अर्थ भाषागत मात्र नभई सारभूत त्रुटि हो । यसले पर्याप्त अध्ययन, अनुसन्धान र छलफलको अभाव हुन सक्छ,' उनी भन्छन् ।

## भारतको सहयोगमा बटेश्वरमा विद्यालय भवन बन्दै




**द पब्लिक टुडे समाचारदाता**

*ढल्केवर, बैशाख ४ गते ।*

धनुषाको बटेश्वर गाउँपालिका-३ स्थित रहेको जनशक्ति माध्यमिक विद्यालय भवनको शिलान्यास गरिएको छ। नेपाल-भारत विकास सहयोग अन्तर्गत निर्माण गरिने उक्त विद्यालय भवनको शुक्रवार शिलान्यास गरिएको हो ।

भारतको महावाणिज्य दूतावास, वीरगञ्जका महावाणिज्य दूत देव सहाय मीना र बटेश्वर गाउँपालिकाका अध्यक्ष रामअशिष महतोले संयुक्त रूपमा उक्त भवनको शिलान्यास गरेका हुन् ।

भवननिर्माण योजनाको शिलान्यास गर्दै महावाणिज्य दूत देव सहाय मीनाले यो भवन निर्माणले विद्यार्थीहरुको उत्कृष्ट शिक्षण सुविधाको वातावरण निर्माण हुने विश्वास व्यक्त गरे । भारतको उच्च प्रभाव सामुदायिक विकास परियोजना अन्तर्गत भवन निर्माण हुन लागेको बताउँदै उनले यो परियोजना नेपाल भारत विकास साझेदारीको महत्वपूर्ण हिस्सा रहेको उल्लेख गरे ।

नेपाल सरकारको प्राथमिकतामा रहेका स्कुल, कलेज, अस्पताल, सडक, जलनिकास, नदी तटबन्धलगायतको क्षेत्रमा आधार भूत संरचना निर्माणका निम्ति यो परियोजना लागू गर्ने गरेको महावाणिज्य दूत मीनाले बताए ।

'यो सबै परियोजना नेपाल सरकारसंग मिलेर नेपालीको जीवन उत्थान र सर्वाङ्गीङ विकासको लागि लागू गरिन्छ,' उनले भने ।

४ करोड १९ लाख ९१ हजार ७११ रुपैयाको लागतमा उक्त विद्यालय भवन निर्माण हुन लागेको बटेश्वर गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत रेवतीप्रसाद पौडेलले जानकारी दिए । उनका अनुसार विद्यालय भवन निर्माणको ठेक्का दोलखा स्थित डिमुन-डी.एस. बिल्डर्स जेभीले पाएको छ ।

शिलान्यास कार्यक्रममा बटेश्वर गाउँपालिका-३ का वडाध्यक्ष राममणि कुशवाहा, वडा नं. ४ का वडाध्यक्ष निरज कार्की, वडा नं ५ का वडाध्यक्ष शिवकरण यादव, प्रमुख प्रशासकीय अधिकृत रेवती प्रसाद पौडेल, विद्यालयका प्रधानाध्यापक छटुलाल महतो, विद्यालय व्यवस्थापन समिति अध्यक्ष भोगिलाल महतो, लगायत जनप्रतिनिधि, कर्मचारी, शिक्षक तथा स्थानीय बासिन्दाको उपस्थिति रहेको थियो ।



## कविता



# मेरो शुभकामना

***

प्रेम घिमिरे
'अग्निकवच'

फुल्दैछ पल्लव नयाँ, वन-कुञ्जभित्र,
हाँस्दैछ यो जमिनको, मुख आज चित्र।
जागा भयो हृदयमा, नव-आश धेर
आयो वसन्त ऋतुको, रथ फेरिएर ।१।

चौघानमा मृदुलता, धुन बाँसुरीको
उद्यानमा चिरबिरी, गुन गौथलीको ।
पाखा र पर्वत सबै, झलमल्ल हाँस्ने
पीडा भुली विगतका, सब साथ नाच्ने।२।

उत्साहको लहर यो, नववर्ष आयो
संस्कारको मधुरता, रसस्वाद छायो ।
हाँस्दा मुसुक्क कलिला, नव कोपिलाले
नाच्छिन् वसन्त ललिता, मदहोस लाली ।३।

श्रद्धा र प्रेम मनमा, सबले जगाऊन्
सन्तान पौरख गरी, महिमा बढाऊन्।
अन्यायका बिजहरू, सब नाश होउन्,
नेपालको गगनमा, सुख शान्ति छाऊन्।४।

हाम्रो कला गहकिलो, जगमा सुवासोस्
भ्रातृत्वको अमरता, घरमा उदाओस्।
बोकी नवीन सपना, नव-वर्ष आयो
उल्लासले प्रकृति यो, झन मुस्कुरायो।५।

बग्छिन् सलल्ल कमला, धरती सिँचाई
चल्छन् घुमेर घटिका, नव याम ल्याई ।
यस्तै प्रथा समयको, नव वर्ष छायो
मेरो छ मान्यजनमा, शुभकामना यो ।६।

## कविता



# आमा

***

एमबी खड्का

कहिले काँहि
आमाका यादहरु
बिहान सबेरै उठ्छन
र राती अबेर सम्म निदाउदैनन

म सानो छँदा
जति पटक ठेस लाग्दा पनि दुखाईमा
"आमा" पहिले आउथिन-
देउता भन्दा पहिले
र म त्यति नै पटक उठ्थें- सम्हालिएर

शिरमा आमाका हात भए
उठ्न सकिंदो रहेछ

अहिले म ठूलो भएँ
र चोटहरु म सगसँगै ठुला भए-
खाटा बसेनन, थाकेनन पनि
यात्रा गरिरहनु भनेको
ठोक्किरहनु...दुखिरहनु रहेछ

कति पटक त म
मैले देउता बनाएर
पुजा गर्न बटुलेका
ढुङ्गाहरुमा ठोक्किएं
र पनि ढुङ्गाहरुलाई
देउता बनाउन छोडिन

कति पटक त म
आँफैलाई न्याँनो खोज्न सल्काएको
तातो भुङ्ग्रोमा सल्किएँ
र पनि कोइलाहरुलाई
सल्काउन छोडिन
यात्रा गरिरहनु भनेको
या बाँचिरहनु भनेको
सल्किरहनु...दुखिरहनु रहेछ
HAPPY MOTHERS DAY !

## कविता



# आमा

***

लेखनाथ श्रेष्ठ
जनता साहित्यिक मञ्च गौरिडाँडा
बर्दिवास, महोत्तरी

स्वर्ग पनि बिर्सिन सक्छु आमाको काखमा
दुःख, पीडा सबै हट्छन् आमा हुँदा साथमा
आमा साथमा हुँदा संसार जित्ने हिम्मत हुन्छ
त्यो न्यानो स्पर्शमा खुसीका अनन्त क्षणहरू छन्।

आफू भोकै हुँदा पनि मेरो पेट भरिदिने
आफ्ना इच्छा थाती राखेर मेरो चाहना पूरा गरिदिने
मेरो जितमा औधी खुसी हुदै रमाउने
मेरो जितमा हरपल आफ्नै जित सम्झिने।

तिर्न गाह्रो छ मलाई आमाको ऋण
राख्न सक्छु सुखी अनि खुसी हरेक दिन
मेरो लागि आमा हुन् पहिलो भगवान
सारा दुःख कष्ट हटाएर गर्नेछु सधैं सम्मान।

आशा गर्दछु अर्को जुनी हजुरकै सन्तान हुन पाऊँ
समयका हरेक पाइलामा सहृदयी बन्न पाऊँ
हजुरका हरेक सपना यही समयमा पूरा गर्न सकूँ
संसारकै महान् नारी मेरी आमा भन्न सकूँ।

## कविता



# राष्ट्र एकता

***

मेघराज पौड्याल
'हात्तीवने'

हिमाल छन् पहाड छन् सुरम्य फाँट जङ्गल
नदी र ताल छन् यही बहन्छ सिन्धु निर्मल
बुटा बुटी अनन्त छन् पिठाउली जता-तता
अनेक जात धर्मको अदम्य राष्ट्र एकता ॥१॥

कला सुरम्य छन् यही गला छ गीत गाउने
यही छ गौंथली चरी समाजमा सिकाउने
गुराँस फूल फुल्दछन् विचित्र रङ्ग जातका
विभक्त छैन देश यो अखण्ड राष्ट्र एकता ॥२॥

चरी विदेशका यहीं अनन्त घुम्न आउने
वसन्तमा रमाउँदै अचम्म प्रीत लाउने
अनाज फल्छ फाँटमा पहाड सुन्तला मिठा
पठाउँ छन् उँधो-उँभो दिगो छ राष्ट्र एकता ॥३॥

मयूर नाच्दछन् यहीं छ देह दिव्य कन्चन
मुनाल साथ कोइली सुरम्य गर्छ मञ्चन
हरी बतास आउँदा हिमाल छेक्छ सर्वदा
पहाड शैल फाँटको अपूर्व राष्ट्र एकता ॥४॥

उठी हिमाल हेर्दछन् पहाड सौम्य कन्दरा
रमा प्रभा र शैलजा समीपमा वसुन्धरा
पवित्र तीर्थ छन् यहीं समस्त देशमा छटा
बगान फूलझैं छ यो अथाह राष्ट्र एकता ॥५॥


सूचना, समाचार र मनोरञ्जनका लागि

**सामुदायिक रेडियो दर्पण**

**८८.४ मेगाहर्ज**

**बिहान ५ बजेदेखि राति ११ बजेसम्म**

समाचार, विज्ञापन, सल्लाह
सुझाव र प्रतिक्रियाको लागि
सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८


## कविता



# कक्षा १२ पास गर्ने

***

मेघा सिंह
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

हेर्दा हेर्दै म त ठुली भएकी छु
अब १२ कक्षा पास गर्ने भएकी छु
घुर्की लगाउने बानी छोडेकी छु
अब घर परिवार हेर्न सक्षम भएकी छु।

रमाइला थिए बितेका दिनहरू
अब भविष्यको लागि गर्नु छ अरू
किन किन आजकाल धेरै सोच्ने भएकी छु
एअब म १२कक्षा पास गर्ने भएकी छु।

सँधै कक्षा कोठामा भेटिने साथीहरू
वर्ष दिनसम्म नभेटिएला के गरू ?
रमाउने, हाँस्ने सबै बिते अब दिन
अब बुबाआमाको तिर्नु पर्छ सबै ऋण।

## कविता



# छोरी

***

पूजा राउत
शिक्षक, जनता माध्यमिक विद्यालय
गौरिडाँडा बर्दिवास, महोत्तरी

ऊ छोरी हो परिवारको उज्यालो
बुबाआमाको खुसीको पालो
सानो मुटुमा ठूलो सपना बोकेकी
हरेक हाँसोले घरलाई सिंगारेकी

निर्दयी छायाँसँग लड्दै आएकी
भविष्यको सुन्दरता खोज्दै हिँडेकी
सानो पाइला र ठूलो आस
हिम्मतिलो परिवारको एकमात्र साँस ।

उसको बोलीले चम्काउँछ घर
तर निर्दयी छायाँको पनि छ
उसलाई डर आमाको माया
उसको शक्ति बन्छ बुबाको विश्वास
उसको साहस बन्छ।

उ छोरीको उदाहरण बन्न खोज्छे
तर कुनै ठूलो आवाज सुन्छे
छोरी भएर भन्ने शब्दले रुन्छे।
कोहिली झैं एक्लै समाजसँग लड्छे।

समाज सँग पनि एक्लै लड्छे
उज्वल भविष्यको कामना गर्छे।
ती साना पाइला लेशिखर चुम्छे
छोरी त सधैं अबल रहन्छे।

## मगही गजल



नवलकिशोर महतो
बर्दिवास, महोत्तरी

पल गिराके चलके हुनकर आदत हय
दिल दुःखाके चलके हुनकर आदत हय।

है हुस्नके दिवानी पागल सब के केने हय
बौला बनाके चलके हुनकर आदत हय।


बात करै है सबदिन काम लागे ने कहियो
बात देखाके चलके हुनकर आदत हय।

है बेवफा उ दीलके अन्कर दरद नेजानै
दरद दके चलके हुनकर आदत हय।

बिशैर गेलै सबटा पुरनका केलहा बात
मन फेरके चलके हुनकर आदत हय।

# लोकसेवा परीक्षाको तयारी सामग्री

धीरेन्द्र कुमार महतो
प्रस्तुतकर्ता



**१. काठमाडौं महानगरपालिकाले सर्वसाधारणका लागि खुलामञ्च कहिलेदेखि पुनः खुला गर्‍यो?**
A) वि.सं. २०७८ वैशाख १५
B) वि.सं. २०८३ वैशाख ३
C) सन् २०२६ अप्रिल १५
D) वि.सं. २०८२ चैत्र २९

**उत्तरः B) वि.सं. २०८३ वैशाख ३**
- वि.सं. २०७८ वैशाख १५ देखि बन्द रहेको खुलामञ्च वि.सं. २०८३ वैशाख ३ मा सर्वसाधारणका लागि खुला भएको हो।
- नागरिकको स्वास्थ्य र मनोरञ्जनसँग जोड्ने उद्देश्यले यसलाई योगा, ध्यान, साउण्ड र विश्राम स्थलको रूपमा प्रयोग गर्न खुला गरिएको महानगरले जनाएको छ।

**२. सन् २०२६ को अन्तर्राष्ट्रिय आरोग्य दिवसको नारा के तय गरिएको थियो?**
A) नेपाल र नेपालीको खुसी, शान्ति, स्वास्थ्य र समृद्धिको प्रारम्भ दिवस
B) सौम्य कूटनीति
C) Happiness, Peace, Health, and Prosperity
D) ग्लोबल वेलनेस डे

**उत्तरः C) Happiness, Peace, Health, and Prosperity**
- संयुक्त राष्ट्र संघको महासभाले सन् २०२६ मार्च १० मा प्रस्ताव पारित गरेसँगै अन्तर्राष्ट्रिय रूपमा हरेक वर्ष अप्रिल १५ र नेपालमा वैशाख २ गते यो दिवस मनाइने तय भएको हो।
- नेपालले सन् २०२७ लाई 'नेपाल आरोग्य वर्ष' का रूपमा मनाउने घोषणा समेत गरेको छ।

**३. गोरखापत्रले ४७ र ४८ औं भाषाका रूपमा कुन-कुन भाषामा समाचार प्रकाशन सुरु गरेको छ?**
A) याक्खा र ह्योल्मो
B) रानाथारु र डोटेली
C) वाम्बुले र कुलुङ
D) सन्थाल र हायु

**उत्तरः D) सन्थाल र हायु**
संक्षिप्त जानकारीः
- वि.सं. २०८३ वैशाख १ देखि गोरखापत्रले ४७ औं र ४८ औं भाषाको रूपमा सन्थाल र हायु भाषामा प्रकाशन सुरु गरेको हो।
- गोरखापत्रमा विभिन्न मातृभाषामा समाचार प्रकाशनको सुरुवात भने वि.सं. २०६४ असोज १ गतेबाट भएको हो।

**४. नेपालकै पहिलो नमुना सफा तथा स्वच्छ गाउँपालिका कुन हो?**
A) ज्वालामुखी गाउँपालिका, धादिङ
B) धुलिखेल नगरपालिका, काभ्रे
C) तानसेन नगरपालिका, पाल्पा
D) सुनवल नगरपालिका, नवलपरासी




**उत्तरः A) ज्वालामुखी गाउँपालिका, धादिङ**
- बागमती प्रदेश अन्तर्गतको धादिङ जिल्लामा पर्ने यस गाउँपालिकालाई वि.सं. २०८२ चैत २९ गते सम्माननीय सभामुख डोलप्रसाद अर्यालद्वारा नमुना सफा तथा स्वच्छ गाउँपालिका घोषणा गरिएको हो।
- नेपालको पहिलो स्वस्थ सहर धुलिखेल हो भने पहिलो साक्षर नगरपालिका तानसेन हो।

**५. भारतीय गायिका आशा भोसलेको निधन कहिले भयो?**
A) सन् १९३३ सेप्टेम्बर ८
B) वि.सं. २०८२ चैत्र २९
C) सन् १९४३
D) वि.सं. २०८२ वैशाख १

**उत्तरः B) वि.सं. २०८२ चैत्र २९**
- ९२ वर्षको उमेरमा ब्रीच क्यान्डी अस्पताल मुम्बईमा सन् २०२६ अप्रिल १२ (वि.सं. २०८२ चैत्र २९) मा उहाँको निधन भएको हो।
- सन् १९४३ मा पहिलो फिल्म गीत रेकर्ड गर्नुभएकी उहाँले फिल्मफेयर उत्कृष्ट महिला पार्श्वगायनतर्फ सात पटक सम्मान प्राप्त गर्नुभएको थियो।

**६. अन्तर्राष्ट्रिय मानव अन्तरिक्ष उडान दिवस कुन दिन मनाइन्छ?**
A) अप्रिल ७
B) अप्रिल १२
C) जुन ६
D) सन् १९६१

**उत्तरः B) अप्रिल १२**
- सन् १९६१ अप्रिल १२ मा अन्तरिक्ष यात्री युरी गागारिन भोस्तोक १ नामक अन्तरिक्ष विमानमा बसेर पृथ्वीको अर्बिटमा १०८ मिनेट एक चक्कर लगाउन सफल भएको दिनको सम्झनामा यो दिवस मनाइन्छ।
- सन् २०११ को संयुक्त राष्ट्र सङ्घको महासभाको ६५ औं संस्करणले हरेक वर्ष अप्रिल १२ लाई अन्तर्राष्ट्रिय मानव अन्तरिक्ष विमान दिवसका रूपमा मनाउने निर्णय सदर गरेको हो।

**७. नेपालमा 'भाषा दिवस' कुन मितिमा मनाइन्छ?**
A) चैत १५
B) वैशाख १
C) चैत २९
D) फागुन २१

**उत्तरः C) चैत २९**
- मितिः हरेक वर्ष चैत २९ गतेलाई भाषा दिवसको रूपमा मनाउने गरिन्छ।
- महत्वः भाषाहरूको संरक्षण, संवर्द्धन र बहुभाषिकताको प्रवर्द्धनका लागि यो दिवसको विशेष महत्त्व रहेको छ।

**८. टाइम म्यागजिन (Time Magazine) ले सन् २०२६ अप्रिल १५ मा सार्वजनिक गरेको विश्वका १०० प्रभावशाली व्यक्तिको सूचीमा नेपालका कुन व्यक्तित्व परेका छन्?**
A) केपी शर्मा ओली
B) बालेन्द्र शाह
C) पुष्पकमल दाहाल
D) गगन थापा

**उत्तरः B) बालेन्द्र शाह**
- सूचीको विवरणः 'TIME100' को सूचीमा बालेन्द्र शाहलाई विश्वचर्चित व्यक्तित्वहरू जस्तै डोनल्ड ट्रम्प, सी जिनपिङ र सुन्दर पिचाईसँगै राखिएको छ।
- विशेषताः टाइम म्यागजिनले ३६ वर्षीय बालेन्द्र शाहलाई हिप-पपका पूर्व स्टार र नेपालको इतिहासकै कान्छो प्रधानमन्त्रीका रूपमा चित्रण गरेको छ।
- सार्वजनिक मितिः यो सूची सन् २०२६ अप्रिल १५ मा सार्वजनिक भएको हो।

**९. वानीरा फाउण्डेसनद्वारा प्रदान गरिने 'वानीरा शङ्कर पुरस्कार-२०८२' बाट सम्मानित हुने व्यक्तित्व को हुन्?**
A) माधव खनाल 'भावुक'
B) मुनि शाक्य
C) धनराज गिरी
D) सरोज ढकाल

**उत्तरः B) मुनि शाक्य**
- वानीरा प्रज्ञा पुरस्कारः वरिष्ठ कवि तथा गीतकार माधव खनाल 'भावुक' (राशीः रु. १ लाख)
- वानीरा शङ्कर पुरस्कारः कम्प्युटर वैज्ञानिक मुनि शाक्य (राशीः रु. १ लाख)। उनलाई नेपाली लिपिको कम्प्युटरमा प्रयोग र एआई (AI) आधारित रोबोट आविष्कारका लागि सम्मानित गरिएको हो।
- वानीरा पुरस्कारः चितवनका साहित्यकार धनराज गिरी (राशीः रु. ५० हजार)
- वानीरा सेवा सम्मानः समाजसेवामा समर्पित सरोज ढकाल

**१०. वि.सं. २०८२ को १०औं स्वास्थ्य बीमा दिवसको नारा के तय गरिएको छ?**
A) सबैका लागि स्वास्थ्य बीमा
B) बीमा गरौं, ढुक्क बनौं
C) राज्यको लगानी, नागरिकको योगदान, स्वास्थ्य बीमा साझा अभियान
D) स्वस्थ नागरिक, समृद्ध राष्ट्र

**उत्तरः C) राज्यको लगानी, नागरिकको योगदान, स्वास्थ्य बीमा साझा अभियान**
- मितिः यो दिवस वि.सं. २०८२ चैत २५ गते मनाइएको हो।
- सुरुवातः नेपालमा सामाजिक स्वास्थ्य सुरक्षाको रूपमा वि.सं. २०७२ सालदेखि यो कार्यक्रम सुरु भएको हो।
- सञ्चालकः हाल यो कार्यक्रम 'स्वास्थ्य बीमा बोर्ड' ले सञ्चालन गर्दै आएको छ।

**११. सन् २०२६ को विश्व स्वास्थ्य दिवसको नारा के हो?**
A) Health for All
B) Together for health. Stand with science.
C) Our Planet, Our Health
D) Support Nurses and Midwives

**उत्तरः B) Together for health. Stand with science.**
- मितिः हरेक वर्ष अप्रिल ७ मा यो दिवस मनाइन्छ।
- इतिहासः सन् १९४८ अप्रिल ७ मा विश्व स्वास्थ्य सङ्गठन (WHO) को स्थापना भएको सम्झनामा सन् १९५० देखि यो दिवस मनाउन थालिएको हो।

**१२. सन् २०२६ को विश्व अटिजम जागरूकता दिवसको अन्तर्राष्ट्रिय नारा के हो?**
A) Light It Up Blue
B) Autism and Humanity– Every Life Has Value
C) Inclusive Education
D) Transition to Adulthood

**उत्तरः B) Autism and Humanity – Every Life Has Value**
- मितिः हरेक वर्ष अप्रिल २ मा यो दिवस मनाइन्छ।
- सुरुवातः संयुक्त राष्ट्र सङ्घको महासभाले सन् २००७ डिसेम्बर १८ मा प्रस्ताव पारित गरेसँगै यो दिवस मनाउन थालिएको हो।
- प्रकृतिः अटिजम एक प्रकारको जन्मजात वा बाल्यावस्थामा देखिने स्नायुगत तथा मानसिक विकाससम्बन्धी अवस्था हो।

**१३. वि.सं. २०८२ चैत २७ गते उपसभामुख पदमा निर्वाचित हुने व्यक्तित्व को हुन्?**
A) इन्दिरा रानामगर
B) रुबीकुमारी ठाकुर
C) पुष्पा भुसाल
D) ओनसरी घर्ती

**उत्तरः B) रुबीकुमारी ठाकुर**
- निर्वाचित मितिः वि.सं. २०८२ चैत २७ गते।
- राजनीतिक दलः श्रम संस्कृति।
- संवैधानिक प्रावधानः संविधानको धारा ९१ अनुसार सभामुख र उपसभामुख फरक-फरक लिङ्ग र फरक-फरक दलको हुनुपर्ने व्यवस्था छ।

**१४. लोकसेवा आयोगहरूको छैटौं राष्ट्रिय सम्मेलन (वि.सं. २०८२) कहाँ सम्पन्न भयो?**
A) धुलिखेल, काभ्रे
B) विराटनगर, मोरङ
C) पोखरा, कास्की
D) वीरेन्द्रनगर, सुर्खेत

**उत्तरः C) पोखरा, कास्की**
**संक्षिप्त जानकारीः**
- मितिः यो सम्मेलन वि.सं. २०८२ चैत २९ र ३० गते सम्पन्न भएको हो।
- सहभागीः संघीय लोकसेवा आयोगका अध्यक्षसहित सातै प्रदेशका प्रदेश लोकसेवा आयोगका पदाधिकारीहरूको सहभागिता रहेको थियो।
- ऐतिहासिक पृष्ठभूमिः पहिलो सम्मेलन वि.सं. २०७७ सालमा काभ्रेको धुलिखेलमा भएको थियो।
- आगामी योजनाः सातौं राष्ट्रिय सम्मेलन वि.सं. २०८३ फागुन २३ र २४ गते मधेस प्रदेशमा आयोजना गरिने तय भएको छ।

**हालसम्म सम्पन्न भएका सम्मेलनहरूको तालिकाः**

| सम्मेलन | मिति | स्थान |
|---|---|---|
| पहिलो | २०७७ फागुन २३-२४ | धुलिखेल, काभ्रे |
| दोस्रो | २०७८ फागुन २३-२४ | रुपन्देही, लुम्बिनी |
| तेस्रो | २०७९ फागुन १९-२० | धनगढी, कैलाली |
| चौथो | २०८० फागुन २३-२४ | वीरेन्द्रनगर, सुर्खेत |
| पाँचौं | २०८१ फागुन २३-२४ | विराटनगर, मोरङ |
| छैटौं | २०८२ चैत २९-३० | पोखरा, कास्की |
| सातौं | २०८३ फागुन २३-२४ | जनकपुर, धनुषा |

# श्रम तथा यातायात मन्त्रालयको ११ बुँदे निर्देशन

**राष्ट्रिय समाचार समिति**

*काठमाडौं, बैशाख ४ गते ।*

मधेस प्रदेश सरकारको श्रम तथा यातायात मन्त्रालयले यातायात व्यवस्था कार्यालयहरूको कामलाई छिटोछरितो र प्रभावकारी बनाउन ११ बुँदे निर्देशन जारी गरेको छ। मन्त्रालयले सेवाग्राहीको गुनासो, बिचौलियाको प्रभाव र अव्यवस्थित सेवा प्रणालीलाई नियन्त्रण गर्न सो निर्देशन दिएको हो । विभिन्न बहानामा दुःख दिने, फाइल अड्काउनेलगायत विभिन्न समस्याबाट मुक्त पार्न अब काम लिएर आउने सेवाग्राहीलाई टोकन सिस्टम लागू गर्न सबै यातायात व्यवस्था कार्यालयलाई निर्देशन दिइएको छ। यसका साथै यातायात कार्यालयमा प्रहरीको सहयोगमा 'नो मिडलम्यान जोन' घोषणा गरी बिचौलियाको प्रवेश पूर्ण रूपमा निषेध गरेर सेवाग्राहीलाई सहज वातावरणमा सेवा दिने व्यवस्था गर्ने निर्देशनमा जनाइएको छ।

मन्त्रालयले हेल्पडेस्क र नागरिक बडापत्र अनिवार्य रूपमा राख्नुपर्ने, सेवाग्राहीका गुनासा तत्काल समाधान गर्न गुनासो पेटिका र फेसबुक पेजमार्फत सुझाव सङ्कलन गर्ने र त्यसको छिटो सम्बोधन गर्ने व्यवस्था मिलाउने मन्त्रालयबाट जारी सूचनामा जनाइएको छ।

यसैगरी, सूचनामा पारदर्शिताका लागि कार्यालयको डिस्प्ले बोर्ड, वेबसाइट र सामाजिक सञ्जालमा सूचना अधिकारीको नाम, पद र मोबाइल नम्बर अनिवार्य रूपमा सार्वजनिक गर्नुपर्ने निर्देशनमा भनिएको छ। सेवा सुधारका लागि मन्त्रालयले कार्यालयको भौतिक व्यवस्थापनमा पनि ध्यान दिएको छ। पिउने पानीको व्यवस्था, दैनिक सरसफाइ (विशेषगरी शौचालय र कार्यालय परिसर) तथा पार्किङ व्यवस्थापन मिलाउन निर्देशन दिइएको छ।

त्यसैगरी, प्रत्येक सेवाको समयसीमा निर्धारण गरिने र ढिलासुस्ती गर्ने कर्मचारीमाथि कानुनअनुसार कारबाही गरिने स्पष्ट गरिएको छ। सेवाग्राहीको अनुभव मापन गर्न सन्तुष्टि/असन्तुष्टि सर्वेक्षण फारामसमेत लागू गर्न भनेको छ। अबदेखि कार्यालयका प्रत्येक कोठामा नम्बर र सेवा विवरण स्पष्ट देखिनेगरी टाँस्नुपर्ने निर्देशन यातायात कार्यालयहरूलाई दिइएको छ।

# एमालेका घोषित आन्दोलन स्थगित

**राष्ट्रिय समाचार समिति**

*काठमाडौं, बैशाख ४ गते ।*



नेकपा (एमाले) केन्द्रीय कार्यालयको आजको बैठकले यसअघि घोषणा गरिएका आन्दोलनका कार्यक्रमलाई स्थगन गर्दै पार्टी स्थापना दिवस विभिन्न रचनात्मक कार्यक्रम आयोजना गरी मनाउने निर्णय गरेको छ। पार्टीका महासचिव शंकर पोखरेलको अध्यक्षतामा भएको बैठकले पार्टी स्थापना दिवसमा कार्यक्रम आयोजना गर्ने निर्णय गर्नुका साथै पार्टीको यसअघि निर्धारित केही कार्यक्रमलाई संशोधनको निर्णय गरेको हो।

बैठकले सबै जिल्ला कमिटीहरूले यही वैशाख ९ गते सबै जिल्लामा अनिवार्य रूपमा विभिन्न रचनात्मक कार्यक्रम आयोजना गर्ने निर्णय गरेको छ।

पार्टीको केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीका अनुसार उपत्यकाको हकमा वैशाख ९ गते दिउँसो २:०० बजे केन्द्रीय कार्यालय च्यासलमा कार्यक्रम आयोजना गरिनेछ।

बैठकले पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको गिरफ्तारीको सन्दर्भमा यही वैशाख ७ र १२ गते गर्ने गरी तय भएका कार्यक्रम स्थगित गर्ने निर्णय गरेको छ।

अध्यक्ष ओलीले सर्वोच्च अदालतको आदेशमा गत चैत २६ गते हाजिरी जमानीमा रिहा भएपछि एमालेले आन्दोलनका कार्यक्रम स्थगन गरेको हो।

# जानकी जन्म महोत्सवको सांस्कृतिक सन्देश

**राष्ट्रिय समाचार समिति**

*महेन्द्रनगर, वैशाख ४ गते ।*



मिथिलाको प्राचीन धार्मिक नगरी जनकपुरधाम पुनः एकपटक आस्था, परम्परा र सांस्कृतिक चेतनाले भरिने तयारीमा छ। प्रत्येक वर्षझैं यस वर्ष पनि जानकी मन्दिरमा जानकी जन्म महामहोत्सव भव्य रूपमा आयोजना हुँदैछ। यही वैशाख ५ गतेदेखि १२ गतेसम्म संचालन हुने यो महोत्सव केवल धार्मिक अनुष्ठानमा सीमित नरही मिथिला सभ्यताको गहिरो सांस्कृतिक जरा, सामाजिक एकता र आध्यात्मिक ऊर्जा पुनर्जीवित गर्ने अवसरका रूपमा स्थापित हुँदै आएको छ।

जनकपुरधामका हरेक गल्ली, मठमन्दिर र पोखरीहरूमा धार्मिक इतिहासको सुगन्ध फैलिएको छ, त्यही भूमिमा अवस्थित जानकी मन्दिर यस उत्सवको केन्द्रविन्दु हो। माता जानकी अर्थात् सीताको जन्मभूमिका रूपमा चिनिने यस स्थलमा आयोजना हुने जन्मोत्सवले बर्सेनि हजारौं श्रद्धालु, साधुसन्त, पर्यटक र सांस्कृतिक अध्येता आकर्षित गर्ने गरेको छ। यस वर्षको महोत्सव पनि त्यही परम्परालाई निरन्तरता दिँदै अझ व्यापक र व्यवस्थित ढङ्गले सम्पन्न गर्ने तयारी गरिएको छ।

मन्दिरका महन्त राम तपेश्वर दास वैष्णवका अनुसार यो महोत्सव केवल धार्मिक आस्थाको विषयमात्र होइन, मिथिलाको समृद्ध सांस्कृतिक पहिचानलाई जीवन्त राख्ने एउटा महत्वपूर्ण माध्यम हो। उनका अनुसार यस्ता पर्वहरूले समाजलाई एकतामा बाँध्ने, आपसी सद्भाव बढाउने र नयाँ पुस्तालाई आफ्नो मौलिक परम्पराप्रति सचेत गराउने काम गर्छन्। यही भावनालाई आत्मसात् गर्दै महोत्सवको कार्यक्रमहरू तयार पारिएको छ। मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले पनि यस उत्सवले धर्मको सीमाभन्दा माथि उठेर सम्पूर्ण समुदायलाई जोड्ने सेतुको काम गरेको बताउँछन्। उनका अनुसार यस महोत्सवमा सहभागी हुनु केवल धार्मिक कर्तव्यमात्र होइन, सांस्कृतिक जिम्मेवारी पनि हो।

महोत्सव अवधिभर दैनिक रूपमा विविध धार्मिक तथा सांस्कृतिक कार्यक्रम संचालन गरिनेछन्। प्रत्येक दिन अपराह्न ४:०० बजेदेखि मन्दिर प्राङ्गणमा श्रीराम कथावाचन गरिने कार्यक्रम तय गरिएको छ। यस कार्यक्रममा देश तथा विदेशबाट आएका भक्तजनहरूको उल्लेखनीय उपस्थिति रहने अपेक्षा गरिएको छ। रामकथाले भगवान् राम र माता सीताको जीवनदर्शन, आदर्श र नैतिक मूल्य मान्यताहरूलाई जनमानसमा पुनः स्मरण गराउने विश्वास लिइएको छ।

त्यस्तै, साँझ ७:०० बजेदेखि मन्दिरको गर्भगृहमा जन्म बधाई गान तथा विविध सांस्कृतिक कार्यक्रमहरू आयोजना गरि नेछन्। यी कार्यक्रमहरूमा मिथिलाको मौलिक झल्को दिने नृत्य, गीत, भजन तथा झाँकीहरू प्रस्तुत गरिनेछन्। विशेषगरी युवापुस्तालाई लक्षित गरी उनीहरूको सक्रिय सहभागितालाई प्राथमिकता दिइएको आयोजकले जनाएको छ। यसले नयाँ पुस्तामा आफ्नो संस्कृति र परम्पराप्रति गर्वको भावना जागृत गराउने अपेक्षा गरिएको छ।

महोत्सवको अर्को महत्वपूर्ण आकर्षणका रूपमा अखण्ड रामायण पाठ रहनेछ। मन्दिर प्राङ्गणमा सञ्चालन हुने यस पाठमा श्रद्धालुहरू दिनरात सहभागी भई आध्यात्मिक शान्ति र आत्मिक सन्तोष प्राप्त गर्न सक्नेछन्। निरन्तर रूपमा हुने रामायण वाचनले वातावरणलाई भक्तिमय बनाउँदै सहभागीहरूलाई ध्यान र साधनामा केन्द्रित गराउने विश्वास गरिएको छ।

वैशाख १२ गते महोत्सवको मुख्य दिनका रूपमा विशेष कार्यक्रमहरू आयोजना गरिनेछन्। बिहान ५:३० बजे दुधमती शाही स्नानका लागि भव्य शोभायात्रा जानकी घाटतर्फ प्रस्थान गर्नेछ। यस शोभायात्रामा बाजागाजा, धार्मिक ध्वजापताका र झाँकीहरूले वातावरणलाई उत्सवमय बनाउनेछन्। शाही स्नानलाई अत्यन्त पवित्र मानिन्छ, जसमा सहभागी हुँदा पापक्षय हुने र पुण्य प्राप्त हुने धार्मिक विश्वास छ। दिउँसो १२ बजे जन्म आरती तथा बधाई गान सम्पन्न हुनेछ। आरतीको दृश्य, घण्टानाद, मन्त्र उच्चारण र भक्तजनहरूको सहभागिताले सम्पूर्ण वातावरण आध्यात्मिक ऊर्जाले भरिनेछ। यो क्षणलाई महोत्सवको चरम बिन्दुका रूपमा लिइन्छ।

त्यसै दिन अपराह्न ४:०० बजेदेखि मन्दिरबाट डोला शोभायात्रा निकालिनेछ। यो शोभायात्रा मिथिलाको परम्परागत शैलीमा सजाइनेछ, जसमा विभिन्न झाँकीहरू, लोकनृत्य, बाजागाजा र धार्मिक प्रस्तुतिहरू समावेश हुनेछन्। यसले केवल धार्मिक महत्वमात्र होइन, सांस्कृतिक विविधताको प्रदर्शन पनि गर्नेछ। स्थानीयवासी, कलाकार र विभिन्न सङ्घसंस्थाको सहभागिताले शोभायात्रालाई अझ आकर्षक बनाउने अपेक्षा गरिएको छ। साँझ ७:३० बजे आयोजना गरिने विशेष आरती तथा दिपोत्सव कार्यक्रममा मन्दिर परिसर हजारौं दीपहरूले उज्यालो बनाइनेछ, जसले शान्ति, आशा र सकारात्मकताको सन्देश प्रवाह गर्नेछ।

महोत्सवलाई सफल र व्यवस्थित बनाउन आयोजकहरूले सुरक्षा, सरसफाइ, यातायात तथा श्रद्धालुहरूको सुविधामा विशेष ध्यान दिएका छन्। स्थानीय प्रशासन, सुरक्षा निकाय र विभिन्न स्वयंसेवी संस्थाहरूको सहकार्यमा आवश्यक तयारी तीव्र रूपमा अगाडि बढाइएको छ। भीड व्यवस्थापन, स्वास्थ्य सेवा, खानेपानी र सरसफाइको उचित व्यवस्था मिलाइएको जनाइएको छ। स्थानीयवासीहरूमा महोत्सवप्रति उत्साह र उमङ्ग उच्च देखिएको छ। उनीहरूका अनुसार यस्ता पर्वहरूले जनकपुरधामको पहिचानलाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्छन्। साथै, यसले स्थानीय अर्थतन्त्रमा पनि सकारात्मक प्रभाव पार्ने गर्दछ। होटल, यातायात, हस्तकला, खाद्य व्यवसायलगायत विभिन्न क्षेत्रहरूमा चहलपहल बढ्नेछ।

मिथिलाको सांस्कृतिक सम्पदा, जसमा मैथिली भाषा, लोककला, परम्परागत पोशाक, विवाह संस्कार र धार्मिक अनुष्ठानहरू समावेश छन्, यस्ता महोत्सवहरूकै माध्यमबाट संरक्षण र प्रवर्द्धन हुँदै आएको छ। जानकी जन्म महोत्सवले यस सम्पदालाई जीवन्त राख्दै नयाँ पुस्तासम्म हस्तान्तरण गर्ने महत्वपूर्ण कार्य गरिरहेको छ।

आजको आधुनिक र व्यस्त जीवनशैलीमा मानिसहरू आफ्नो मौलिक संस्कृति र परम्पराबाट टाढिँदै गएको सन्दर्भमा यस्ता महोत्सवहरूले पुनः आफ्नो पहिचानतर्फ फर्काउने अवसर प्रदान गर्छन्। यसले केवल धार्मिक आस्थामात्र होइन, सामाजिक समानता, सहिष्णुता र आपसी सम्मानलाई पनि बलियो बनाउने कार्य गर्दछ।

पछिल्लो समय जानकी जन्म महामहोत्सवलाई केवल एउटा धार्मिक कार्यक्रमको रूपमा मात्र नभई मिथिलाको आत्मा, इतिहास र सांस्कृतिक चेतनाको उत्सवका रूपमा लिन थालिएको छ। यसले समाजलाई सकारात्मक ऊर्जा प्रदान गर्दै एकता, सद्भाव र आध्यात्मिक उन्नतिको मार्गमा अग्रसर गराउने विश्वास गरिएको छ। जनकपुरधाममा आयोजना हुने यो महोत्सवले फेरि एकपटक सम्पूर्ण मिथिला क्षेत्रलाई आस्था र संस्कृतिको उज्यालोमा डुबाउने निश्चित छ।

# एक महिनामा १९ स्थानमा आगलागी

**राष्ट्रिय समाचार समिति**

*सिरहा, वैशाख ४ गते ।*

गर्मी र सुक्खा मौसम सुरुसँगै सिरहामा आगलागीका घटनामा तीव्र वृद्धि भएको छ। जिल्ला प्रहरी कार्यालयले सार्वजनिक गरेको गत चैतको विवरणअनुसार एक महिनामा जिल्लाका विभिन्न १९ स्थानमा विद्युत् सर्टलगायत कारणले आगलागीका घटना भएका छन्। प्रहरीको तथ्याङ्कअनुसार चैतमा तीन वटा विद्युत् सर्टसहित १९ वटा आगलागीका घटना भएका हुन्। यी घटनाहरूबाट करिब ३३ लाख २७ हजार बराबरको आर्थिक क्षति भएको प्रहरीले जनाएको छ। आगलागी नियन्त्रण र उद्धारका लागि प्रहरीले १८२ जना जनशक्ति परिचालन गरेको छ।

आगलागीबाहेक जिल्लामा अन्य प्राकृतिक विपद्का घटनाबाट पनि मानवीय क्षति भएको छ। पानीमा डुबेर एक र करेन्ट लागेर एक जनाले ज्यान गुमाएका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए। उनका अनुसार जङ्गली जनावरको आक्रमणबाट एक जना घाइते भएका छन् भने हावाहुरीका कारण एक ठाउँमा भौतिक क्षति पुगेको छ।

यसैबीच, विपद्सँगै जोडिएको वातावरणीय जोखिम र प्राकृतिक सम्पदाको अवैध दोहन नियन्त्रणतर्फ पनि प्रहरीले सक्रियता देखाएको छ। चैत महिनामा अवैध रूपमा नदीजन्य वा वन पैदावार उत्खननमा संलग्न पाँच वटा सवारीसाधनलाई प्रहरीले नियन्त्रणमा लिएको छ। जसबाट एक लाख जरिवाना सङ्कलन गरी राजस्व कार्यालयमा दाखिला गरिएको प्रहरी नायब उपरीक्षक पालले जानकारी दिए। विपद्को समयमा तत्काल प्रतिकार्यका लागि जिल्लाभरका विभिन्न युनिटबाट प्रहरी जनशक्ति परिचालन गरिएको उनले बताए।

प्रहरीले आगलागी नियन्त्रणका लागि स्थानीय तहका दमकल र स्थानीय बासिन्दासँगको समन्वयमा कार्य गर्दै आएको छ। सुक्खा मौसम अझै बाँकी रहेकाले आगलागीका घटना बढ्न सक्ने भन्दै प्रहरीले सर्वसाधारणलाई सचेत रहन र आगोको प्रयोग गर्दा सावधानी अपनाउन आग्रह गरेको छ।


# कर्मचारी आवश्यकता

मधेश प्रदेशको **Gold Star** कम्पनीको जुत्ता चप्पलको अधिकृत विक्रेता S.B.Sales and Suppliers बर्दिवासका लागि केही कर्मचारी आवश्यकता भएको हुनाले इच्छुक व्यक्ति तुरुन्त सम्पर्क राख्नुहोला।

| | | | |
|---|---|---|---|
| पद | : सेल्स मार्केटिङ्ग | पद | : स्टोर किपर |
| संख्या | : १ जना (पुरुष) | संख्या | : १ जना (पुरुष) |
| योग्यता | : +२ उत्तिर्ण | योग्यता | : +२ उत्तिर्ण |

**तलब :** आपसी समझदारीमा तय गरिनेछ।
**नोट :** मोटरसाईकल लाईसेन्स भएको, सम्बन्धीत काममा अनुभवी र स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ।

सम्पर्क :
**S.B.Sales & Suppliers**
बर्दिवास-१, महोत्तरी
मो.नं.- ९८२३४९१९२१, ९८४४३६१५८८


पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री